# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, अन्नपूर्ण भोजपुर

## गिटी, ढुंगा, वालुवा संकलन तथा विक्रि गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः- २०८०/०५/०१**

टेम्केमैयुङ गाउँपालिकाले तपसिलमा उल्लेखित नदि नाला तथा खानीको गिटी, ढुंगा तथा वालुवा संकलन तथा विक्रि गर्न न्यूनतम अंकमा नघटने गरी आ. व. २०८०/०८१ को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यवसायी, कम्पनी तथा फर्महरुबाट नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र (PAN), फर्म वा कम्पनीहरुबाट आ. व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रहरुका प्रतिलिपी पेश गरी निम्न बमोजिम रित पुऱ्याइ ठेक्काको लागि तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका स्थानहरुबाट गिटी, ढुंगा, रोडा तथा वालुवा संकलन र विक्रि गर्न सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरीएको छ।

**तपसिल**

| ठेक्का न. | संकलन केन्द्र वा खानी को नाम | उत्खनन् परिणाम (घन मिटर) | फारम शुल्क रु. | न्युनतम रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| ०१/आय/टेम्के/०८० /०८१ | पिखुवा खोला सेतिबगर, हिङ्गखुवा खोला, याङटाङ खोला, वाचिम्ले खोला र खुङ्गे गोगने खोला, सिक्तेल खोला दोभान पिखुवा, सिरुवानि खोला र राउते खोला क्षेत्र | ढुङ्गा २२७५<br>बालुवा १९४० | १,०००/- | ९,७३,४५७.९८ |

**शर्तहरुः-**

१. सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा माथि उल्लेख भए बमोजिमको दस्तुर तिरी आफूले चाहेको ठेक्काको दरभाउपत्र फाराम टेम्केमैयुङ गाउँपालिकाबाट कार्यालय समय भित्र खरिद गर्नु पर्ने छ । १६ दिनको १२:०० बजे भित्र आफूले कवोल गरेको कुल ठेक्का रकमको **३ प्रतिशतले** हुन आउने रकम यस कार्यालयको माछापुच्छ्रे वैंकमा रहेको धरौटी खाता नं. ०८८००६७५७५५०००६२ मा दाखिला गरेको सक्कलै भौचर वा नेपाल राष्ट्रवैंकवाट मान्यता प्राप्त (क) श्रेणीको वैंकवाट ७५ दिनको म्याद भएको विडवण्ड राखी दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

२. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दरभाउपत्रमा केरमेट भएमा केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ । दाखिला भएको दरभाउपत्र १६ औ दिनको २:०० बजे टेम्केमैयुङ गाउँपालिकाको कार्यालयमा खोलिनेछ । वोलपत्र दाखिला कर्ता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३.दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ।

४. दरभाउपत्र स्वीकृत भए पछि पहिलो किस्ता रकम पचास प्रतिशत र बाँकी पचास प्रतिशत नगदै वा २०८१ कार्तिक मसान्त सम्मको वैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ।साथै कवोल गरेको रकम एकमुष्ट वुझाएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम वढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ। तोकीएको समयमा सम्झौता नगरेमा दरभाउपत्र कर्ताको धरौटी रकम वा वैंक ग्यारेन्टी फिर्ता गरिनेछैन ।

५. नियमानुसार चाहिने सम्पूर्ण शुल्क, कर, दस्तुर, आयकर तथा मूल्य अभिविद्धि कर ठेकेदार आफैले गाउँपालिकामा वुझाउनु पर्ने छ । आफुले कवोल गरेको रकमबाट कटाउन पाउने छैन । शर्त सहित पेश गरेको, रित नपुगी वा म्याद नाघी आएको, न्यूनतम रकम भन्दा घटी कवोल गरेको, कालो सूचीमा परेको र यस कार्यालयबाट प्रमाणित गरी बिक्री नगरेको दरभाउपत्र फर्मलाई मान्यता दिइने छैन ।

६. कर दस्तुर उठाउन ३/३ प्रति वाला रसिद ठेकेदार आफैले छपाउनु पर्नेछ । रसिद गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई, रसिद नम्वर दाखिला गरी माग फारम भरेर कार्यालयबाट वुझिलिनु पर्नेछ । कवोल गरेको रकम कुनै वन्द, हडताल, नाकावन्दी, चक्काजाम जस्ता अप्रत्यासीत घटना वा अन्य कुनै पनि कारण देखाई आममाफी, छुट वा मिनाहा गरीने छैन।ढुंगा, गिटी, वालुवा संकलन तथा उत्खन्न गर्दा पुर्ववत अवस्थामा कुनै असर परे सोको निर्माण ठेकेदार आफैले आफ्नै लगानीमा पुरा गर्नुपर्नेछ।

७. ठेक्का सम्वन्धी कुनै विवाद भएका प्रचलित कानूनको परिधी भित्र रहि टेम्केमैयुङ गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । साथै कुनै ठेक्का पूर्ण वा आंसिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहेको छ । गाउँपालिकाले तोकेको दर रेट भन्दा बढीमा कर, दस्तुर तथा महशुल लिन पाइने छैन । प्रचलित कानूनले निषेध गरीएको, अदालतबाट कुनै निर्णय गरिएको अवस्थामा सोही निर्णयको पालना गर्नु पर्ने छ । सो निर्णय कानून अनुसार हुने छ ।

८. यस सूचनामा उल्लेख गरिएको वाहेक कुनै कुरा छुट्न गएको अवस्थामा ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ तथा गाउँपालिकाको नियम बमोजिम हुनेछ । बाँकी कुनै कुराहरु अन्य प्रचलित कानून अनुसार हुनेछ । गाउँपालिकाले तोकेको स्थानमा संकलन केन्द्र राखी कर तथा शुल्क संकलन गर्नु पर्ने छ । सवारी साधनलाई अवरोध गर्न पाईने छैन ।

९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ। यस दरभाउपत्र सम्बन्धी सूचना यस कार्यालयको वेवसाइट www.tyamkemaiyummun.gov.np मा हेर्न सकिनेछ । थप जानकारीको लागी प्राविधिक शाखाको मेबाईल नं. ९८४१९८२५०९ र ९८४२०९९५७१ मा बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
टेम्केमैयुङगाउँपालिका, अन्नपूर्ण भोजपुर